आज मिति २०७९ साल माघ २५ गते बुधबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितमा ११ (एघांरौ) बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

<u>उपस्थिति</u>

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. प्रमुख प्रशासकीय अधिकृत: श्री शिव प्रसाद लम्साल

४. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

५. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

६. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

७. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

८. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

९. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

१०. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

११. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

१२. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१३. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१४. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१५. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१६. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१७. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१८. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१९. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

२०. नगर कार्यपालिका सदस्य: श्री शुसिला परियार

२१. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२२. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।
२. आर्थिक वर्ष २०७९/०८० को लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन गर्ने सम्बन्धमा।
३. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. आर्थिक वर्ष २०७८/०७९ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन प्रणाली (एलआईएसए) को मूल्यांकन गर्ने सम्बन्धमा।
३. आर्थिक वर्ष २०७८/०७९ को स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन (एफआरए) को मूल्यांकन गर्ने सम्बन्धमा।
४. रोजगार संयोजक पदपूर्ति गर्ने सम्बन्धमा।
५. रोजगार संयोजक पदपूर्ति समिति गठन गर्ने सम्बन्धमा।
६. भकुण्डेबेशी प्रहरी चौकी व्यवस्थापन सम्बन्धमा।
७. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

स्थानीय तहमा जवाफदेहीता, पारदर्शीता र प्रतिस्पर्धा प्रवर्द्धन गर्दै सुशासन कायम गर्ने उदेश्यले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेश सरकारले स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन प्रणाली (एलआईएसए), २०७७ कार्यान्वयनमा ल्याए अनुसार सोही प्रणालीमा उल्लेख भएका सूचकहरु बमोजिम नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अवस्था विश्लेषण गर्दा प्राप्त प्रतिवेदन र अंक ६७ (सतसट्ठी) लाई स्वीकृत गरी सम्बन्धित निकायमा पठाउने।

शान्ति

निर्णय नम्बर ३:

स्थानीय तहको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउन स्थानीय वित्त व्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रहरुको पहिचान गरी यसको लेखाजोखाको माध्यामबाट स्थानीय तहको वित्तीय सुशासनलाई संस्थागत गर्ने उदेश्यले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधि, २०७७ कार्यान्वयनमा ल्याए अनुसार सोहि प्रणालीमा उल्लेख भएका सूचकहरु बमोजिम नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अवस्था विश्लेषण गर्दा प्राप्त प्रतिवेदन र अंक ५५.५ (पचपन्न) लाई स्वीकृत गरी सम्बन्धित निकायमा पठाउने। ।

निर्णय नम्बर ४:

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६को परिच्छेद-२ बमोजिम यस नगरपालिकामा रिक्त रहेको रोजगार संयोजक (छैटौं तह सरह) नियमानुसार पदपूर्ति प्रकृया अगाडी बढाउने।

निर्णय नम्बर ५:

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६को परिच्छेद-३ बमोजिम तपशिलको रोजगार संयोजक पदपूर्ति समिति गठन गर्ने।

तपशिलः

क. नेपाल सरकार, प्रशासन सेवाको राजपत्रांकित द्वितीय श्रेणी (उप-सचिव) श्री सानुबाबु अधिकारी : संयोजक

ख. प्रशासकीय अधिकृत श्री विनोद रसाईली : सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत श्री शिव प्रसाद लम्साल : सदस्य-सचिव

निर्णय नम्बर ६:

यस नमोबुद्ध नगरपालिकाको वडा नम्बर ०४ मा अवस्थित प्रादेशिक अस्पताल श्री मेथिनकोट अस्पतालले हाल भकुण्डे प्रहरी चौकी रहेको भवनलाई अस्पतालले उपयोग गर्ने गरी उपलब्ध गराईदिनुहुन पटक पटक मौखिक अनुरोध गर्दै सो अस्पतालको प.सं. २०७९/०८०, च.नं. २२४, मिति २०७९/१०/२४ गतेको पत्रानुसार लिखित अनुरोध गरेको सन्दर्भमा प्रहरीले प्रयोग गरेको स्थान एवं भवन अस्पताललाई उपलब्ध गराउन आवश्यक देखिएकोले हाल सो भवनमा रहेको भकुण्डे प्रहरी चौकीलाई राजमार्ग आसपास उपयुक्त स्थान एवं भवन खोजेर प्रहरी चौकीलाई स्थानान्तरणको लागि अनुरोध गर्ने र भकुण्डे प्रहरी चौकीबाट

उपयुक्त स्थान एवं भवन व्यवस्था गरी प्रहरी चौकी स्थानान्तरण गर्न एकिन भए पश्चात सहयोगका लागि नगरपालिकालाई लेखी आएमा उक्त स्थान एवं भवन अस्पतालको आवश्यकतालाई दृष्टिगत गरी नगरपालिका भौतिक एवं आर्थिक सहयोगका लागि सकारात्मक हुने भन्ने व्यहोरा समेत उल्लेख गरी भकुण्डे प्रहरी चौकीलाई पत्राचार गर्ने र सो सम्बंन्धमा जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक र जिल्ला प्रहरी कार्यालय,काभ्रेपलाञ्चोकलाई समेत जानकारी गराउने।